June 2015

# TODAY

(NEWSLETTER OF EURASIA REIYUKAI)

Year : 3, Vol. 24

www.eurasiareiyukai.com

म यूराशिया रेयूकाईको दिब्यज्योतीमय सदस्य हूँ

## यूराशिया रेयूकाई २८औं शाखाको जागृती भब्यभेला सम्पन्न

### उक्त समारोहमा सस्थापक अध्यक्षज्यूबाट प्रदान गर्नुभएको मार्गनिर्देशनको सारांश :-



- भर्खरै महाभुकम्पले नेपाल देशमा ठूलो क्षती भयो यो नेपाल देशको लागी राष्ट्रिय संकट हो यो रीष्ट्रिय संकटलाई हामी सबै जना मिलेर पुनर्निर्माण नगरीकन हुँदैन । यो देशलाई पहिलाको भन्दा राम्रो देश नबनाईकन हुँदैन ।
- हामी यूराशिया रेयूकाईले पनि बिभिन्न स्थानमा गएर राहत बितरण गर्ने मौका पाईरहेका छौं ।
- महा भुकम्पमा परी धेरै ब्यक्तिहरु बिते हामी यूराशिया रेयूकाईले बितेका ब्यक्तिहरु प्रति स्मरण कार्य गरीरहेका छौं आँखाले नदेख्ने स्थानमा स्मरण गरीरहेका छौं । बितेर गएका ब्यक्तिहरु अझै दुःखी छन् होला उनीहरुलाई स्मरण कार्यद्धारा बचाउने मौका पाईरहेका छौं । ति बितेका ब्यक्तिहरुभन्दा हामी धेरै ब्यक्तिहरु जीबित छौं उनीहरुको भागको जिम्मेवारी पनि अब देखी हामीले पूरा नगरीकन हुँदैन ।
- यूराशिया रेयूकाईको पुर्खास्मरण आफू स्वयंले पुर्खाहरुको आत्मालाई बचाउने स्मरण गर्ने मौका पाउने हो ।
- मनको स्थितीलाई पहिलेको स्थितीमा नफर्काईकन हुँदैन । मनको कृयाशिलता आँखामा झल्कन्छ ।
- आफ्नो कर्मको सम्बन्ध र दोश्रो ब्यक्तिको कर्मको सम्बन्ध जोडिएर भेट हुने हो ।अनुहारलाई मेकअप गर्न सकिन्छ तर आत्मालाई मेकअप गर्न सकिदैन, आत्मालाई अभ्यास गर्ने मौका पाएर चम्काउनु पर्छ । मृत्यु पछि पनि शरीर नरम हुनु भनेको आत्मा जीबित हुनु हो । आत्मालाई परिबर्तन गर्न सक्ने शक्ति तपाईहरुमा छ । आफूले महान् रेयूकाई शिक्षाको अभ्यास गर्ने मौका पाई परिणामको रुपमा दिब्यज्योती भएको अनुभवको घोषणा गर्न सक्ने ब्यक्ति आफू बनी अरुलाई पनि नबनाईकन हुदैन ।
- आफूले आफूलाई परिर्वतन गर्दै जाने अरु ब्यक्तिहरुलाई पनि परिबर्तन गराउदै जाने साथै आफूले आफ्नो आत्माको बिकास गर्दै जाऔं।








## ललितपुरको चुनिखेलमा पुनर्निर्माण कार्य













## हार्दिक समबेदना

जलवायू परिवर्तनको प्रभाव हामी बसेको पृथ्वीमा देखा परिरहेको छ। फलस्वरुप भर्खरै भारत देशको बिभिन्न राज्यमा अत्याधिक तापमान वृद्धि भएको कारण हजारौं ब्यक्तिहरुले अकालमा ज्यान गुमाउनु परिरहेको छ। यस दुःखद घडीमा ज्यान गुमाउनु भएका सम्पूर्ण परिवार प्रति यूराशिया रेयूकाई हार्दिक समवेदना ब्यक्त गर्दछौं। हामी एक एक जनाले जलवायू परिवर्तन सम्बन्धि सचेतना फैलाई पुर्वजहरुबाट पाएको महा प्रकृतीलाई पहिले कै स्थितीमा फर्काई सन्ततीलाई हस्तान्तरण गरौं।

## बाढी र पहिरो



मनसुन वर्षाको कारण वर्षायामको समयमा अनियन्त्रित बाढी र पहिरोको विपदा हुने गर्दछ । पहाड र तराई दुबै क्षेत्रका नदिहरुमा पानीको वहाव तेज र अनियन्त्रित भई आसपासका क्षेत्रमा बाढी र पहिरो को ठुलो प्रभाव परि जनधनको क्षती एवं अनेक संरचनाहरु समेत ध्वस्त हुने गर्दछन् । समय समयमा बाढी पहिरो परि नेपाल तथा भारतका विभिन्न क्षेत्रहरुमा जनधनको ठूलो क्षति भईरहेको छ । बाढीको सम्भावित विपदाबाट बच्न, रोगथाम तथा न्यूनिकरण तथा सावधानीको लागि हामी सदैब तयार रहने गरी पुर्व तयारी गरी आत्मा तयार भै रहनु पर्दछ। नेपाल देशमा गएको बिनाशकारी महाभुकम्पका कारण जमीनहरुमा धाँजा फाटेको पहाडहरु निकै कमजोर भएका छ्न, त्यसकारण सुख्खा पहिलो जाने संभावना धेरै छ । बर्षा याममा बाढी र पहिरो जाने संभावना धेरै भएकोले आफू सचेत भएर बस्ने अरुलाई पनि सचेत गराउने कार्य गर्नुपर्छ ।

## बाढी र पहिरोका पूर्व संकेतहरु

थोरै समयमा धेरै पानी पर्नु ।
लामो समय सम्म पानी परिरहनु ।
नदी नाला तथा खोल्सामा साबिक भन्दा पानीको बहाब बढी देखिनु ।
कमजोर पहाडी भु भागका कारण पहिरो जाने संभावना धेरै हुन्छ आदि ।

## बाढी र पहिरोको प्रकोप हुढा हामीले के गर्ने ?

बाढी र पहिरोको संकेत देखिना साथ होसियार अपनाउने, नआत्तिने ।
घरबाट सुरक्षित निस्कने र घरको बिधुत लाईनहरु प्लगहरु तुरन्तै छुट्याउने ।
आफू सुरक्षित भई अरुलाई पनि सुरक्षित स्थानमा सार्नै काम गर्नै ।
केटाकेटी तथा बृद्धहरुलाई पहिला सुरक्षित स्थानमा सार्नै ।
प्राथमिक उपचार तथा औषधिहरु साथमा बोक्ने ।
पकाउन नपर्ने खानेकुरा जस्तै : चिउरा, दालमोठ ,चाउचाउ र पिउनेपानी साथमा लिएर जाने ।
असुरक्षित महशुस भएमा घरको झयाल ढोकाहरु बन्द गरि बाहिर निस्कने ।
सुरक्षित स्थानमा जादा बहुमुल्य सामान र कागजात लिएर जाने आदि ।

## बाढी र पहिरो रोकथामको लागि हामीले के गर्ने ?

बृक्षारोपण गर्ने ।
जथाभावी रुख नकाटने बन जंगलको संरक्षण गर्ने ।
बाढी आउने क्षेत्रको रेखाङ्कन गर्ने र सुरक्षित हुने उपायहरु खोज्ने
खोलाहरु आसपासका क्षेत्रहरुमा घर निर्माण नगर्ने ।
पूर्व सुचना प्रणालीको बिकास गर्ने ।
जनचेतना मूलक कार्यक्रमहरु संचालन गर्ने ।
उद्धार तथा राहतको लागि आवश्यक सामाग्रीहरुको भन्डार गर्ने ।
पानी सुरक्षित साथ निस्कन सक्ने निकास तथा ढलको निर्माण गर्ने आदि ।

## नेपालमा गएको महा भुकम्प पिडितहरुलाई सहयोग क्रियाकलाप







सिन्धुपाल्चोक, ज्यामिरे







ललितपुर, लुभु



सिन्धुपाल्चोक, होक्से



काभ्रेपलान्चोक, धुलिखेल



काठमाण्डौ, भद्रबास



काठमाण्डौ, साँखु




ललितपुर, खोकना




सिलिगडी, भारत